थुनामा राखी मुद्दाको पूर्पक्ष गर्नुपर्ने अवस्थाको विद्यमानता देखिंदा निज प्रतिवादीलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८० बमोजिम थुनुवा पुर्जी दिई थुनामा राख्न कारागार कार्यालय गौर रौटहटमा पठाई दिनू।

२४. अभियोगसाथ पेश भएको पेनड्राइभ र सोमा भएका फोटाहरु र भिडियो यस अदालतको सूचना प्रविधिमा अभिलेखीकरण गरी राख्नू।

२५. प्रतिवादीले अदालतमा बयान गर्दा आफू मधुमेह र उच्च रक्तचापको बिमारी भएको भनी विशेषज्ञ डा. ले जाँच गरेको जाँच प्रतिवेदन पेश गरेका हुँदा सुविधा उपलब्ध हुने अस्पतालबाट नियमित उपचार गराउँन भनी कारागार कार्यालय रौतहट गौरलाई लेखि पठाउँनू ।

२६. सुरक्षाको दृष्टिकोणबाट प्रतिवादीलाई जिल्ला कारागार कार्यालय रौतहटमा राखी राख्न अनुपयुक्त देखिएको अवस्थामा साक्षी बकपत्र र मुद्दाको पूर्पक्षको समयमा यस अदालतमा अनिवार्य उपस्थित गराउने गरी कारागार व्यवस्थापन विभागसंग समन्वय गरी अन्य उपयुक्त कारागारमा स्थानान्तरण गर्न सक्ने गरी अनुमति समेत प्रदान गरिदिएको छ। सोको जानकारी कारागार कार्यालय रौतहटलाई जानकारी दिनू।

## साक्षी संरक्षणात्मक आदेश

२७. जाहेरवाला,पीडित र साक्षीहरुको सुरक्षामा खतरा रहेको हुँदा सुरक्षा प्रबन्धको लागि सम्बन्धित निकायको नाममा आदेश जारी गरिपाउँ भनी जाहेरवालातर्फका विद्वान कानून व्यवसायीले बहसको क्रममा निवेदन गर्नु भएको र प्रतिवादीका मानिसहरुले जुनसुकै समयमा अपहरण गरी मेरो विरुद्धमा प्रमाण लाग्ने कागजमा सही गराउँन सक्ने र डर, त्रास धम्की र अनुचित प्रभाव समेत पार्न सक्ने हुँदा आवश्यक शान्ति सुरक्षाको प्रबन्ध समेत गरिपाउँ भनी जाहेरवाला शंकर भन्ने गौरी शंकर राम चमारले मिति २०७६।६।२८ मा निवेदन दिएको देखिएकोले जाहेरवाला, पीडित र साक्षीहरुको सुरक्षाको प्रत्याभूति दिनु पर्ने जिम्मेवारी र दायित्व नेपाल सरकारको रहेको र कसूरको गम्भीरतालाई विचार गर्दा निजहरुलाई सुरक्षाको प्रत्याभूति दिनु पर्ने आवश्यक देखिएबाट जाहेरवाला, पीडित र साक्षीहरुको सुरक्षाको उचित व्यवस्थापनका लागि देहायका कार्य गर्नु भनी प्रहरी प्रधान कार्यालय र जिल्ला प्रहरी कार्यालय रौतहटको नाममा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११४(२) र मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ६१ बमोजिम यो आदेश जारी दिएको छ।

(१) जाहेरवाला, पीडित र नेपाल सरकारका साक्षीहरुलाई सुरक्षित रुपमा अदालतमा ल्याउँने वा अदालतबाट निजको बसोबास रहेको स्थानसम्म पुऱ्याउँने प्रबन्ध मिलाउँनू।

(२) जाहेरवाला, पीडित र साक्षीहरुलाई संरक्षणगृह वा त्यस्तै प्रकारका संस्थामा सुरक्षित रुपमा बसोबास गर्ने व्यवस्था मिलाउँनू।

(३) जाहेरवाला, पीडित वा साक्षीको व्यक्तिगत वासस्थानको सुरक्षा गर्नू।

(४) जाहेरवाला, पीडित वा साक्षीको सुरक्षामा खलल पुऱ्याउँने व्यक्तिलाई आवश्यक कानूनी कारवाही गर्नू।

दीपक ढकाल

न्यायाधीश

इति सम्वत् २०७६ साल कार्तिक महिना २९ गते रोज ६ शुभम् ।

ओहिद मिया अन्सारी, साजाहान खातुन, कलाम मिया, अफरुल मिया, हरिनारायण साह, परीक्षण साह,शंकर साह तेली, मेवालाल साह र इट्टाभट्टाका कामदार जलिफ अन्सारीले कागज गरेका देखिन्छ ।

१८. त्यसैगरी इन्सेक र मानवअधिकार आयोगबाट निरीक्षणमा आएको टोलीलाई धम्की दिएका हुन् भनी राम बहादुर साह ,उदयनारायण साह र व्रिजेन्द्र साहको र घाइतेलाई इट्टाभट्टामा हाली जलाएको हो भनी सत्य रामले कागज गरिदिएको देखिन्छ ।

१९. मिति २०६५।१।१४ मा घटनास्थल मुचुल्का हुँदा विष्फोटको वारदात भएको भनिएको प्रतिवादीका काका शेख इद्रिसको घर र गोठका कोठाहरुको तत तत पहिचानको लागि क्रमबद्ध नम्बर तथा संकेत दिइएको, घर सामान्य चर्केको,उक्त घर गोठका केही कोठामा नयाँ सिमेण्टको प्रयोग, नयाँ र पुरानो दुवै किसिमको खपडा र बाँसका भाटा प्रयोग गरी छाना छाएको अवस्थामा रहेको भन्ने उल्लेख भएकोमा विष्फोट भएको घर र घरको छानाको जिर्णोद्धार आफुले गरेको हुँ भनी शेख ओलजाहिरले कागज गरिदिएको देखिन्छ ।

२०. वारदातका सम्वन्धमा नेपाल बार एसोसिएसनको सन् २००८ को वार्षिक प्रतिवेदनको पेज नं.२३० मा उल्लेख भएकाले उक्त प्रतिवेदनको अंशको प्रतिलिपी पठाइएको भन्ने नेपाल बार एसोसिएसनको मिति २०७६।५।९ को पत्र र वारदातको विषयमा उल्लेख गरिएको २०६५।१।२४ को इन्सेकको प्रतिवेदन पठाएको भन्ने इन्सेकको मिति २०७६।७।८ को पत्रसहितको प्रतिवेदन अनुसन्धानको क्रममा संकलन गरी अभियोगसाथ पेश भएको देखिन्छ।

२१. मोहमद अफताव आलमले भण्डारण गरेको बम मिति २०६४।१२।२७ को साँझ ६.३० बजेको समयमा विष्फोट हुँदा ओसि अख्तर मिया र पिन्टु भन्ने त्रिलोक प्रताप सिंह विष्फोटमा परी घाइते भएकोमा घाइतेलाई इट्टा भट्टामा राखी जलाई लास नष्ट गरेको भनी निर्वाचन आयोग, जिल्ला निर्वाचन कार्यालय रौतहट, जिल्ला प्रहरी कार्यालय रौतहट, विभिन्न सरकारी र गैह सरकारी निकाय समेतलाइ सम्वोधन र बोधार्थ दिई पहिलो सूचनाको रुपमा तत्कालीन विभिन्न दलका र स्वतन्त्र प्रतिद्वन्दी उम्मेदवारहरुले मिति २०६४।१२।३० मा संयुक्त निवेदन दिएका र उक्त वारदात भयो भनिएको विषयमा माथि प्रकरण नं. १२ मा उल्लेख गरेका प्रहरी अधिकारी लगायत पूर्व प्रहरी महानिरीक्षक समेतलाई जानकारी भई अनुसन्धान गर्न निर्देशन र कार्यादेश दिएको भन्ने निजहरुको कागजबाट खुलेको छ।

२२. वादी नेपाल सरकारले अनुसन्धानको क्रममा संकलन गरेका उपर्युक्त कागज प्रमाणहरु अदालतबाट न्यायिक परीक्षण गर्न बाँकी रहे तापनि प्रमाण ऐन, २०३१ को दफा १८ को प्रतिबन्धात्मक व्याकांश को खण्ड (ख) को कानूनी व्यवस्था बमोजिम थुनछेक प्रयोजनको लागि उक्त न्यायिक परीक्षण गर्न बाँकी प्रमाणहरुलाई आधार लिन मिल्ने नै भएको र आरोपित कसूरमा प्रतिवादीले अदालतमा गरेको इन्कारी बयान जिकिरको पुष्टाईको लागी पेश गरेका सबूद प्रमाणहरुको पनि न्यायिक परीक्षण हुन बाँकी नै रहेकोले वादी नेपाल सरकारले अनुसन्धानको क्रममा संकलन गरेका तत्काल प्राप्त उपर्युक्त माथि उल्लिखित प्रमाणहरुको अवलोकन र अध्ययनबाट यी प्रतिवादी अहिले नै निर्दोष रहेछन् भन्न सक्ने अवस्था देखिएन।

२३. अतः पछि थप प्रमाण बुझ्दै र परिक्षण गर्दै जाँदा ठहरे बमोजिम हुने नै हुँदा हाल कसूरको प्रकृति र गम्भीरता र वादीको साक्षी प्रमाणलाई पार्न सक्ने प्रतिकूल प्रभाव समेतबाट निज प्रतिवादी मोहमद अफताव आलमलाई हाल मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७(१) बमोजिम